नलगाड नगरपालिका

# नलगाड राजपत्र

खण्ड : २ संख्या : १० आषाढ ३२, २०७५

## भाग-१

**नलगाड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालयको**
**सूचना**

नेपालको संविधान बमोजिम नलगाड नगर सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## नलगाड नगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७५

सम्वत् २०७५ सालको ऐन नं. १०

**प्रस्तावना :** नलगाड नगरपालिकाको समग्र विकासका लागि नलगाड नगरपालिकामा राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, नलगाड नगरपालिकाको नगर सभाले नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम यो ऐन बनाएको छ ।

# परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कानूनको नाम **"नलगाड नगरपालिकाको कर तथा गैरकर राजश्व सम्बन्धी ऐन २०७५"** रहेको छ ।

(२) यो कानून नगरपालिका क्षेत्रभित्र लागु हुनेछ र यस कानून बमोजिमको कर वा राजश्व बुझाउनु पर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भएपनि निजको हकमा समेत लागु हुनेछ ।

(३) यो कानून तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :-

(क) **"कम्पनी"** प्रचलित नेपाल कानून बमोजिम संस्थापक भएको कम्पनी सम्झनु पर्छ र सो शब्दले प्रचलित नेपाल कानून बमोजिम स्थापीत संगठित संस्थालाई समेत जनाउँछ ।

(ख) **"कर"** भन्नाले परिच्छेद ४ बमोजिम लागेको वा लाग्ने कर सम्झनु पर्दछ ।

(ग) **"कर अधिकृत"** भन्नाले स्थानीय सरकारले दफा छ बमोजिम नियुक्त गरेको कर अधिकृत सम्झनु पर्दछ र सो शब्दले कर अधिकृतको रुपमा काम गर्न जिम्मेवारी सुम्पेको वा कर अधिकृतको प्रत्यायोजित अधिकार प्रयोग गर्ने स्थानीय सरकारको अधिकृतस्तरको कर्मचारी समेतलाई जनाउँछ ।

(घ) **"कर एकाई"** भन्नाले नगरपालिका कर सम्बन्धी काम, कारवाही र निर्णय गर्ने नगरपालिकाको बिभाग, महाशाखा, शाखा वा सो प्रयोजनका लागि तोकिएको कार्यालयको रुपमा रहेको स्थानीय सरकार अन्तर्गतको संगठन संरचना सम्झनु पर्दछ ।

(ङ) **"करदाता"** भन्नाले कर तिर्नुपर्ने कर्तव्य भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले कर अधिकृतले कुनै करको विवरण बुझाउन सूचना दिएको वा अरु कुनै कारवाही प्रक्रिया शुरु गरेको व्यक्तिलाई समेत जनाउछ ।

(च) **"कर निर्धारण"** भन्नाले कर निर्धारण सम्झनु पर्छ र सो शब्दले पुनः कर निर्धारण र अतिरिक्त कर निर्धारणलाई समेत जनाउछ ।

(छ) **"गैर कर राजश्व"** भन्नाले परिच्छेद-१४ बमोजिम लाग्ने वा लागेको गैर राजश्वलाई सम्झिनु पर्दछ ।

(ज) **"परिवार"** भन्नाले प्राकृतिक व्यक्तिको पति, पत्नी  अंश छुट्टीए वा नछुट्टीएका नाबालिग सन्तान सम्झनु पर्दछ ।

(झ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नलगाड नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने कर्मचारी सम्झनु पर्छ ।

(ञ) **"फर्म"** भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएको वा दर्ता नभएको जुनसुकै फर्म सम्झनु पर्छ।

(ट) **"व्यक्ति"** भन्नाले कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनु पर्छ।

(ठ) **"सभा"** भन्नाले नलगाड नगरपालिकाको नगर सभा सम्झनु पर्दछ।

(ड) **"स्थानीय सरकार"** भन्नाले स्थानीय तहको कार्यकारिणि अधिकार प्रयोग गर्ने नलगाड नगर कार्यपालिका सम्झनु पर्छ।

(ढ) **"संविधान"** भन्नाले नेपालको संविधान सम्झनु पर्छ।

**३. व्याख्या :** यो कानूनमा परिभाषा गरिएका लवजको सोही अनुसार र अरुमा प्रचलित कानून व्याख्या सम्बन्धी संघीय ऐन तथा दफा ४ बमोजिमका सिद्धान्तका आधारमा गरिनेछ।

## परिच्छेद-२

## राजस्व सम्बन्धी सामान्य सिद्धान्त

**४. कर तथा गैरकर राजस्व सम्बन्धी सामान्य सिद्धान्त :** (१) कर राजस्व देहायका सिद्धान्तलाई आधार लिई लगाइनेछ :-

(क) कर तिर्न सक्ने क्षमताका आधारमा।

(ख) कर प्रणाली सामानता र न्यायमा आधारित रहने गरी।

(ग) सरल, पारदर्शी र मितव्ययी हुने गरेर।

(घ) नागरिकलाई सुविधा हुने किसिमबाट।

(ङ) स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सृजना गरेर।

(च) करको आधार, करको दर र कर तिर्ने अवधी निश्चित गरेर।

(छ) पश्चतदर्शी असर नपर्ने गरेर।

## परिच्छेद-३

## कर प्रशारण सम्बन्धी व्यवस्था

**५. कर प्रशासन :** (१) नेपालको संविधानको व्यवस्था अनुरुप आफ्नो अधिकारक्षेत्र भित्रको कर तथा गैर करको प्रशासन नगरपालिकाले गर्नेछ।

(२) उपदफा (१) बमोजिमको कर प्रशासन व्यवसायीक, दुरुस्त र प्रभावकारी बनाउन आवश्यकता अनुसार कर ईकाइ रहन सक्नेछ।

**६. कर्मचारी सम्बन्धी व्यवस्था :** (१) स्थानीय सरकारबाट स्वीकृत दरबन्दी अनुसारका विभिन्न तहका कर्मचारी कर एकाईमा रहन सक्नेछन्।

(२) कर एकाईमा स्थानीय सरकारले प्रचलित कानून बमोजिम स्वीकृत दरबन्दीका आधारमा एक वा सोभन्दा बढी तहका कर अधिकृतहरु, कर सहायक तथा सहयोगीहरुलाई काममा लगाउन सक्नेछ ।

**७. कर अधिकृतको काम कर्तव्य र अधिकार :** यस कानूनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कर अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करदाता दर्ता गर्ने ।

(ख) करदाताबाट विवरण प्राप्त गर्ने ।

(ग) कर परीक्षण तथा अनुसन्धान गर्ने ।

(घ) कर संकलन गर्ने ।

(ङ) कर तथा गैर कर राजस्व चुहावट रोक्न आवश्यक कार्य गर्ने ।

(च) करदाता मैत्री वातावरण बनाउन उपयुक्त र आवस्यक कार्य गर्ने ।

(छ) कर सम्बन्धी जनचेतना अभिबृद्धि गर्न कार्यक्रम सन्चालन गर्ने ।

(ज) कर कानून र कर प्रशासनका क्षेत्रमा सुधार गर्नुपर्ने विषयमा नगरपालिकालाई सुझाव दिने ।

(झ) राजस्वको प्रक्षेपण गर्न आवश्यक सूचना उपलब्ध गराउने ।

(ञ) करदाताका खाता पाता र हरहिसाब दुरुस्त राख्ने ।

(ट) कर सम्बन्धी अभिलेख दुरुस्त राख्ने ।

(ठ) कर सम्बन्धी अन्य काम गर्ने ।

**८. अधिकार प्रत्यायोजन :** (१) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतले संविधान र यस कानून बमोजिम आफुमा रहेका कर तथा राजस्व उठाउने अधिकार कर अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कर अधिकृतले आफुलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफ्नो सामान्य रेखदेख र नियन्त्रणमा रहने गरी आफु मातहतको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(३) कर अधिकृतले आफुलाई प्राप्त अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा स्थानीय सरकारबाट कुनै खास निर्देशन भएकोमा सोही बमोजिम गर्नु पर्नेछ ।

**९. प्रत्यायोजित अधिकार र जिम्मेवारी :** (१) दफा ८ बमोजिम प्रत्यायोजन गरिएको अधिकारको जिम्मेवारी अधिकार प्रत्यायोजन गर्ने अधिकारीमा रहनेछ ।

(२) दफा ८ बमोजिम प्रत्यायोजित अधिकार प्रयोग गर्दा अधिकार प्रत्यायोजन गर्ने प्रति उत्तरदायी रही प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद-४
## कर राजस्व सम्बन्धी व्यवस्था

**१०. सम्पत्ति कर :** नगरपालिकाको आप्नो क्षेत्र भित्र रहेका सम्पत्ति कर लगाउने भनि तोकेको घर र जग्गामा मुल्याङ्कित रकमको नगर सभाले तोके बमोजिमको दरले सम्पत्ति कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति कर लगाउने भनी तोकेको घर र जग्गा बाहेको अन्य जग्गा भएमा दफा १३ बमोजिम भुमिकर (मालपोत) लगाउनु र अशुल उपर गर्नुपर्नेछ ।

(३) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको घरजग्गाको अभिलेख प्रत्येक वर्ष दुरुस्त मिलाई राख्नु पर्नेछ ।

(४) सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति मुल्याङ्कन देहाय बमोजिम गरिनेछ ।

(क) घरको छनोट (कच्ची वा पक्की) ।

(ख) घरजग्गासँग सडक वा बाटो जोडिएको वा नजोडिएको भएक पक्की कच्ची वा गोरेटो जस्तो बाटोको प्रकृति र राजमार्ग, मुख्य सडक वा सहायक सडकसँग दुरी ।

(ग) घरजग्गाको व्यापारिक वा आवासीय उपभोगको अवस्था ।

(घ) सम्पत्ति मुल्याङ्कन गर्दा अनुसूची १ बमोजिम ह्रसकट्टी गरी खुद सम्पत्ती कायम गरिनेछ ।

(ङ) खण्ड (घ) बमोजिम कायम भएको खुद सम्पत्तीमा सात प्रतिशत मर्मत संभार खर्च कट्टी गर्न दिइनेछ ।

(५) उपदफा (४) बमोजिम घर जग्गा मुल्याङ्कन गर्न देहायको घर जग्गा मुल्याङ्कन समिति गठन गर्न सक्नेछ ।

(क) स्थानीय सरकारले तोकेको ईन्जिनियर वा प्राविधिक - संयोजक

(ख) स्थानीय सरकारले तोकेको घरजग्गा विज्ञ वा एक जना - सदस्य

(ग) कर एकाईको प्रमुख - सदस्य-सचिव

(६) घरजग्गा मुल्याङ्कन समितिको स्थानीय तहको कुनै पदाधिकारी वा अधिकृत वा अन्य कुनै विज्ञलाई बैठकमा आमान्त्रण गर्न सक्नेछ ।

(७) घरजग्गा मुल्याङ्कन समितिले प्रत्येक पाँच वर्षमा घर जग्गा मुल्याङ्कनका आधारमा र दररेटको सूझाव सिफारिस गर्न सक्नेछ ।

(८) घरजग्गा मुल्याङ्कन समितिले बैठकको कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।

(९) सम्पत्ति करको प्रयोजनको लागि सम्पत्तीको स्वामित्व देहाय बमोजिमको व्यक्तिमा रहेको मानिनेछ ।

(क) आर्थिक वर्षको पहिलो दिन जुन सम्पत्ति जसको स्वामित्वमा रहेको छ सो सम्पत्ति सोही व्यक्तिको नाममा ।

(ख) कुनै सम्पत्ति एक भन्दा बढी व्यक्तिहरुको संयुक्त स्वामित्वमा रहेकोमा स्वामित्व स्पष्ट भएकोमा सोही अनुसार र अन्यथा सबैमा बराबर हक ।

(१०) करदाताले प्रत्येक वर्ष स्वयं कर निर्धारण गरी अश्विन मसान्त भित्र नगरपालिकामा विवरण पेश गर्नुपर्नेछ ।

(११) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आर्थिक वर्षको अश्विन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

(१२) नाबालकको नाममा रहेको सम्पत्तिमा लाग्ने संपत्ति कर दाखिला गर्ने दायित्व निजको संरक्षक वा माथवर व्यक्ति हुनेछ ।

**११. घर बहाल कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र बहालमा लगाएको घरको आकार, प्रकार, बनौट र चर्चेको जग्गाको आधारमा घर बहाल आय रकमको १० प्रतिशतका दरले घरबहाल कर लगाई अशुल उपर गर्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि घर भन्नाले भवन, गोदाम, टहरा, छप्पर, सेड, कारखाना र यस्तै पक्की वा कच्ची संरचना सम्झनु पर्दछ ।

(२) घर बहालमा लगाउने व्यक्ति घर बहालकर करको करदाता हुनेछ । कम्पनी वा संस्था मार्फत घर बनाई घर बहालमा दिएको हकमा उक्त कम्पनी वा संस्था घर बहाल करको करदाता हुनेछ ।

(३) घर बहालमा दिदा प्रत्येक घरधनीले सम्झौता गरी त्यस्तो सम्झौताको प्रति वा सम्झौतामा संशोधन गरिएमा सो को विवरण सो कार्य भएको मितिले पैतिस दिन भित्र कर इकाईमा पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै कार्यालय, कम्पनी, फर्म, एजेन्सी, परामर्शदाता वा जुनसुकै प्रकारको संगठित सस्थाले घर बहालमा लिएकोमा बहाल भुक्तानी गर्दा अग्रीम कर कट्टी गरी घर धनिका तर्फबाट कर इकाईमा घर बहाल कर बुझाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम अग्रीम कर कट्टी गरी दाखिला गर्नुपर्ने घर बहाल कर कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र दाखिला गर्नु पर्नेछ ।

(६) घर बहालको प्रयोजनको लागि स्थानीय सरकारले न्युनतम मासिक घर बहाल कर रकम निर्धारण गरी लागु गर्न सक्नेछ ।

(७) न्युनतम मासिक घर बहाल कर निर्धारण सम्बन्धी अन्य व्यवस्था निर्देशिकामा उल्लेख भए बमोजिम हुनेछ ।

(८) घर बहालमा दिने घरधनीले घर बहाल करको विवरण प्रत्येक आर्थिक वर्षको आश्विन मसान्त भित्र पेश गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम दाखिला गर्नुपर्ने कर प्रत्येक आश्विन मिहनाको मसान्त भित्र दाखिला गर्नु पर्नेछ ।

(१०) एक आर्थिक वर्षको घर बहाल कर एकमुष्ट अग्रिम रुपमा श्रावण महिना भित्र दाखिला गर्ने घरधनीलाई घर बहाल कर दश प्रतिशत छुट दिइनेछ ।

**१२. घरजग्गा रजिष्ट्रेशन शुल्क :** (१) नगरपालिकाले घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन शुल्क लगाई उठाउन सक्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम घर, जग्गा वा घर जग्गा रजिष्ट्रशन शुल्क उठाउँदा अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क समेत उठाउनु पर्नेछ । यसरी अशुल भएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्कको दुई प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नु पर्नेछ ।

(३) नगरपालिका क्षेत्रभित्र घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिले घर, जग्गा वा घर जग्गा रजिष्ट्रशन शुल्क बुझाउनु पर्नेछ ।

(४) घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन शुल्क स्वामित्व हस्तान्तरण गर्दाको समयमा बुझाउनु पर्नेछ ।

(५) घर जग्गा रजिष्ट्रशन शुल्क प्रत्येक कारोबारको लिखितमा उल्लेख भएको थैली वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्युनतम रकम बमोजिम त्यस्तो घर, जग्गा वा घर जग्गा रजिष्ट्रेशन गर्ने कार्यालयबाट अशुल उपर गरिनेछ ।

(६) रजिश्ष्ट्रेशन शुल्क थैली रकम वा सो प्रयोजनको लागि तोकिएको रकम मध्ये जुन बढी हुन्छ सो रकमको १ प्रतिशत हुनेछ ।

(७) घर, जग्गा वा घर जग्गाको स्वामित्व प्राप्त गर्ने व्यक्ति महिला नागरिक भएमा उपदफा (६) बमोजिमको शुल्कमा २५ प्रतिशत रकम छुट हुनेछ ।

(८) संघिय प्रदेश र स्थानीय सरकार तथा सरकारी निकायलाई रजिष्ट्रेशन शुल्क लाग्ने छैन ।

(९) नगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजिगत लाभकर अशुल गरी तोकेको राजश्व खातामा जम्मा गर्नु

पर्नेछ ।

**१३. भुमिकर (मालपोत) :** (१) नगरपालिकाको भुमिकर (मालपोत) लगाइ उठाँउन सक्नेछ ।

(२) यस ऐन बमोजिम सम्पत्ती कर लाग्ने घर र जग्गा बाहेकका अन्य जग्गामा भुमिकर मालपोत लाग्नेछ र त्यस्तो जग्गाको जग्गाधनीले भुमिकर (मालपोत) तिर्नु पर्नेछ ।

(३) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र कुटनीतिक नियोगको नाममा भएको जग्गामा भुमिकर (मालपोत) लाग्ने छैन ।

(४) प्राकृतिक प्रकोपको अवस्था वा अन्य गम्भीर परिस्थितिमा स्थानीय सरकारले आधार र कारण खोली त्यसबाट प्रभावित सबैले समान सुविधा पाउने गरी भुमिकर (मालपोत) मा छुट वा मिनाह दिने निर्णय गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिम छुट दिने निर्णय भएकोले सो निर्णय भएको मितिले पन्ध्र दिन भित्र त्यसको सूचना नगर सभाको बैठक चलेको भए नगर सभामा पेश गर्नु पर्नेछ र बैठक नचलेको त्यसपछी बस्ने सभाको पहिलो बैठकले पारित गर्नु पर्नेछ ।

(६) स्थानीय सरकारले यस दफा बमोजिमको भुमिकर (मालपोत) आफैले उठाउन वा नेपाल सरकार अन्तर्गतको कुनै कार्यालय मार्फत उठाउने व्यवस्था गर्न सक्नेछ ।

(७) भुमिकर (मालपोत) प्रत्येक वर्ष आश्विन महिना भित्र कर एकाई वा सम्बन्धीत वडा कार्यालय वा स्थानीय सरकारले तोकेको कार्यालयमा बुझाउनु पर्नेछ ।

(८) स्थानीय सरकारले प्राकृतिक प्रकोपको अवस्था वा विशेष परिस्थिति सिर्जना भएको आधार वा कारण खोलि नगरपालिका भर वा त्यसको कुनै खास क्षेत्र तोकि सो क्षेत्रको जग्गाको भुमिकर (मालपोत) बुझाएकोमा म्याद भित्र बुझाएको मानिनेछ र थप शुल्क लाग्ने छैन ।

**१४. मनोरन्जन कर :** (१) स्थानीय सरकारले चलचित्र घर, भिडोयो घर, संस्कृतिक प्रदर्शन हल, कन्सर्ट जस्ता मनोरन्जन स्थलमा देखाईने मनोरन्जनका साधनमा मनोरन्जन कर लगाई उठाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मनोरन्जन कर तथा अन्तर सरकारी बित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको मनोरन्जन कर मनोरन्जन स्थलको सन्चालकले मनोरन्जका लागि टिकेट विक्रि गर्दाको अवस्थामा असुल गर्नेछ ।यसरी असुल भएको मनोरन्जन कर रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको मनोरन्जन करको २ प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला

गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपभोक्ताबाट असुल गरेको मनोरन्जन करको रकम असल गरेको महिनाभन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ ।

**१५. विज्ञापन कर :** (१) नगरपालिकाले सूचना पार्टी (हार्डिङ्ग बोर्ड) मा विज्ञापन कर लगाइ असुल गर्न सक्नेछ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमको विज्ञापन कर शुल्क उठाउदा अन्तर सरकारी बित्त व्यवस्था ऐन, २०७४ बमोजिम प्रदेशले लगाएको विज्ञापन कर समेत उठाउनु पर्नेछ।यसरी असुल भएको विज्ञापन कर रकम मध्ये नगरपालिकाले लगाएको सबै र प्रदेशले लगाएको विज्ञापन करको दुई प्रतिशत रकम नगरपालिकाको संचित कोषमा दाखिला गरी प्रदेशले लगाएको बाँकी अन्ठानब्बे प्रतिशत रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ ।

(३) विज्ञापन कर विज्ञापन राख्न अनुमतिका लागि निवेदन दिनेबाट असुल गरिनेछ ।

(४) यस ऐन बमोजिम असुल गरेको मनोरन्जन करको रकम असुल गरेको महिना भन्दा पछिको महिनाको २५ गते भित्र कर एकाईमा दाखिला गर्नुपर्नेछ ।

(५) यस दफा बमोजिम विज्ञापन सामाग्री राख्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम अनुमति पत्र दिंदा सर्वसाधारण जनताको हित सम्बन्धी अन्य कुराका अतिरिक्त विज्ञापन राख्नपाउने अवधि, नविकरण गर्नुपर्ने समय, नविकरण नगरेमा लाग्ने शुल्क, सौन्दर्य विगार्न नहुने कुरा, सामाग्रीको भाषिक शद्धता र सालिनता जस्ता सर्त किटान गरिएको हुनु पर्नेछ ।

(७) कुनै कम्पनी, फर्म, एजेन्सी संस्था वा व्यक्तिले अरु कसैको प्रयोजन गरेको सूचना पट्टा (होर्डिङ बोर्ड) राखिमा यस दफा बमोजिमको विज्ञापन कर सम्बन्धित प्रायोजकबाट असुल गरी राजश्व एकाई वा सो इकाइले तोकेको बैंक खातामा दाखिला गर्नु पर्नेछ ।

(८) नेपाल सरकार वा प्रदेश सरकार वा सरकारी संस्थाका जग्गा वा सम्पत्ती (पोल आदि) मा विज्ञापन सामाग्री राखेमा यस दफा बमोजिमको विज्ञापन कर उठाउनु अघी कर एकाइले सो नियकायसँग समन्वय गरी कर असुल गर्नुपर्नेछ ।

(९) व्यापारिक वा व्यवसायिक प्रयोजनका लागि राखेका विज्ञापनमा लागेको कर छुट वा मिनाह हुन सक्ने छैन ।

(१०) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारको तर्फबाट राखेका विज्ञापनमा कर लाग्ने छैन ।

**१६. व्यवसाय कर :** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रको व्यापार, व्यवसाय वा

सेवामा, पुँजिगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय दर्तामा र नविकरणमा व्यवसाय कर लगाउन र उठाउन सक्नेछ ।

(२) एकै व्यक्तिले आफ्नो नाममा एक वा एकै प्रकृतिका व्यवसाय वा शाखा वा सो भन्दा बढी स्थानमा संन्चालन गरेकोमा ६० दिन भित्र सो को जानकारी कर एकाइलाइ दिनु पर्नेछ ।

(३) यस दफा बमोजिमको व्यवसाय कर बार्षिक रुपमा बुझाउनु पर्नेछ । कुनै करदाताले अग्रीम रुपमा ५ वर्षको कर एकमुष्ठ बुझाउन चाहेमा त्यस वापत लाग्ने कममा १० प्रतिशत छुट दिइनेछ ।

(४) करदाताले व्यवसाय सन्चालन गर्दा निवेदन साथ पेश गरेका विवरणमा हेरफेर परिवर्तन वा नामसारी गर्नु पर्ने भएमा त्यसको कारण परेको मितिले ६० दिन भित्र कर एकाइमा जानकारी दिनु पर्नेछ ।

(५) कर अधिकृतले करदाताले यस दफा बमोजिम पेश गरेका विवरण छानविन गरी अन्यथा देखिए यथार्त विवरण पेश गर्न ३० दिनको म्याद दिइ करदातालाई सूचना दिन सक्नेछ ।

(६) एकपटक व्यवसाय दर्ता भएपछि व्यवसाय दर्ता खारेजिको निवेदन नपरे सम्म सो व्यवसाय सन्चालनमा रहेको मानि कर असुली गरिने छ ।

(७) कुनै करदाताले लाग्ने कुर बुझाइ व्यवसाय दर्ता खारेज गर्न निवेदन दिन सक्नेछ ।

## परिच्छेद-५
## करदाता सम्बन्धी व्यवस्था

**१७. करदाताको पहिचान तथा दर्ता :** (१) व्यवसाय सन्चालन गर्नु पुर्व दर्ता गरेर मात्र व्यवसाय सन्चालन गर्नु पर्नेछ ।

(२) कर एकाइले यस ऐन बमोजिम कर तिर्नु पर्ने व्यक्ति वा करदाताको पहिचान गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम करदाताको पहिचान गर्दा व्यक्ति वा करदाताको नाममा रहेको सम्पत्ती, निजले गरेको कारोबार र कर एकाइलाई कुनै स्रोतबाट प्राप्त सूचना र सो एकाईले छानविन गर्दा देखिएका आधारमा करदाताको पहिचान गरिनेछ ।

(४) कर एकाईले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएका करदाताहरुको विवरण खुलाइ करदाता दर्ता गरी राख्नु पर्नेछ ।

(५) नेपाल सरकारबाट स्थायी लेखा नम्बर लिएका करदाताको कर सम्बन्धी कारोबार गर्दा सोही नम्बरको प्रयोग गर्नु पर्नेछ ।

**१८. कर दाताको दायित्व :** यस ऐन बमोजिम कर तिर्नुपर्ने कर्तव्य भएका करदाताको देहाय बमोजिमको दायित्व हुनेछ ।

(क) आफुलाई करदाताको रुपमा दर्ता गराउने ।

(ख) निर्धारित समयमा विवरण पेश गर्ने ।

(ग) निर्धारित समयमा कर दाखिला गर्ने ।

(घ) यस ऐन बमोजिम कुनै शुल्क, जरिवाना वा ब्याज बुझाउनु पर्ने भए समयमा बुझाउनु पर्ने ।

(ङ) हिसाब किताब र अभिलेख दुरुस्त राख्ने ।

(च) कर अधिकृतले मागेको सूचना तथ्याङ्क समयमा उपलब्ध गराउने ।

(छ) कर एकाइलाइ आवश्यक सहयोग गर्ने ।

**१९. करदाताको अधिकार :** (१) करदातालाई देहाय बमोजिमको अधिकार हुनेछ :-

(क) सम्मान पुर्वक व्यवहारको अधिकार ।

(ख) प्रचलित कानून बमोजिम कर सम्बन्धी सूचना प्राप्त गर्ने अधिकार ।

(ग) कर सम्बन्धी विषयमा प्रमाण पेश गर्ने मौका प्राप्त गर्ने अधिकार ।

(घ) प्रतिरक्षाको लागि कानून व्यवसायी वा लेखापरिक्षक नियुक्त गर्ने अधिकार ।

(ङ) कर सम्बन्धी गोप्य कुराहरु यस ऐनमा उल्लेख भए बाहेक अनतिक्रम्य हुने अधिकार ।

(२) करदाताले उपदफा (१) बमोजिमको अधिकारको दावि गर्न आफ्नो दायित्व पुरा गरेको हुनुपर्नेछ ।

**२०. करदाताको प्रतिनिधित्व :** (१) करदाताको प्रतिनिधित्व करदाताको परिवारको उमेर पुगेको सदस्य, माथवर व्यक्ति वा निजको कानून व्यवसायी वा लेखापाल वा लेखापरिक्षक वा निजले लिखित रुपमा अख्तियारी दिई पठाएको उमेर पुगेको वारिसले गर्न सक्नेछ ।

स्पष्टिकरणः यस दफाको प्रयोजनको लागि उमेर पुगेको भन्नाले १८ वर्ष उमेर पुगेको व्यक्ति सम्झनुपर्छ ।

(२) उपदफा (१) बमोजिम प्रतिनिधित्व गर्न सक्ने व्यक्तिका तर्फबाट गरिएका काम कारवाही करदाता स्वयंले गरेको मानिनेछ ।

## परिच्छेद-६
## विवरण दाखिला सम्बन्धि व्यवस्था :

**२१. विवरण दाखिला गर्न आदेश दिन सक्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको व्यक्तिले कर विवरण नबुझाएमा वा विवरण दाखिला गर्दा व्यहोरा फरक पारि दाखिला गरेको भनि शंका गर्न सकिने आधार र कारण भएमा कर अधिकृतले आधार र कारण खोली कर विवरण दाखिला गर्न आदेश दिन सक्नेछ। त्यस्तो आदेश प्राप्त भएमा सम्बन्धित व्यक्तिले सो आदेश प्राप्त भएको मितिले एक महिना भित्र कर एकाइमा विवरण दाखिला गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम म्याद भित्र विवरण दाखिला गर्न नसक्ने सम्बन्धित व्यक्तिले आधार र कारण खोलि समायावधि थपको लागि निवेदन दिएमा कर अधिकृतले तीस दिन सम्मको समयावधि थप दिन सक्नेछ।

**२२. विवरण सच्याउन सकिने :** यस परिच्छेद बमोजिमको कर विवरण दाखिला भै सकेपछी कुनै तथ्य सम्बन्धि वा गणितिय भुल भएको भन्ने लागेमा करदाताले पहिला विवरण दाखिला भएको मितिले तीन महिना भित्र यथार्त, तथ्य र सही अंक सहितको अर्को विवरण पेश गर्न सक्नेछ।

## परिच्छेद-७
## कर दाखिला सम्बन्धि व्यवस्था

**२३. कर दाखिला गर्नुपर्ने :** (१) यस ऐन बमोजिम दाखिला गर्नुपर्ने कर ऐनको परिच्छेद ४ मा उल्लेख गरिएकोमा सोही समयमा र समय उल्लेख नभएको हकमा प्रत्येक आर्थिक वर्षको आश्रुविन मसान्त भित्र कर एकाईमा दाखिला गर्नु पर्नेछ।

(२) यस ऐन बमोजिम अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने कर कट्टी भएको महिना पछिको महिनाको २५ गते भित्र कर एकाइमा दाखिला गर्नु पर्नेछ।

**२४. कर दाखिलाको निस्सा दिनु पर्ने :** (१) करदाताले यस ऐन बमोजिम बुझाउनु पर्ने कर वा गैर कर राजश्व वा अन्य रकम बुझाएपछि करदाताले तत्काल त्यसको निस्सा दिनु पर्नेछ।

## परिच्छेद-८
## कर फिर्ता र समायोजन

**२५. कर फिर्ता सम्बन्धी व्यवस्था :** (१) करदाताले यस ऐन बमोजिम कर बुझाउँदा तिर्नुपर्ने भन्दा बढी कर दाखिला गरेकोमा सो कर रकम फिर्ता माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम फिर्ताको लागि निवेदन परेकोमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको मितिले एक महिना भित्र माग बमोजिम फिर्ता दिने निर्णय गर्नु पर्नेछ ।

**२६. कर समायोजन सम्बन्धि व्यवस्था :** (१)करदाताले दफा २६ बमोजिम फिर्ता पाउने ठहरिएको रकम दाखिला गर्नु पर्ने कर रकममा समायोजन गर्न कर अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा व्यहोरा साँचो देखिएमा कर अधिकृतले निवेदन परेको एक महिना भित्र माग बमोजिम समायोजन गर्न आदेश दिनु पर्नेछ ।

## परिच्छेद-९
## कर परिक्षण र कर निर्धारण

**२७. कर परिक्षण र कर निर्धारण :** (१) यस ऐन बमोजिम करदाताले विवरण पेश नगरेको वा पेश गेको विवरणमा देहायका सबै वा कुनै काम कुरा भए गरेको देखिएमा कर अधिकृतबाट कर परीक्षण गरी कर निर्धारण गरिनेछः

(क) खातापाता, हरहिसाब वा अभिलेख दुरुस्त नदेखिएमा ।

(ख) गलत वा झुट्टा कागजात र विवरण संलग्न गरेको देखिएमा ।

(ग) यथार्थ कारोबार नदेखिएको विश्रुवास गर्नुपर्ने कारण भएमा ।

(घ) कारोबारका आधारमा करको दायित्व कम देखाइएकोमा ।

(ङ) करको दर फरक पारेकोमा ।

(च) कानून बमोजिक कर छुट वा मिनाहा हुन नसक्नेमा पनि सोको दावि गरेकोमा ।

(२) उपदफा (१) बमोजिम कर निर्धारण गर्नुपर्ने देखिएमा करदातालाई आधार र कारण खुलाई आफ्नो स्पष्टिकरण पेश गर्न तीस दिनको सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम सूचना प्राप्त भएकोमा करदाताले सूचनामा तोकिएको म्याद भित्र आफ्नो स्पष्टिकरण पेश गर्नु पर्नेछ ।

(४) कर अधिकृतले उपदफा (३) बमोजिम तोकिएको म्याद भित्र करदाताले स्वष्टिकरण पेश गरेमा सो समेतलाई आधार बनाई स्पष्टिकरण पेश नगरेमा कानून बमोजिम कर निर्धारण कर निर्धारण गर्नुपर्नेछ ।

(५) स्वयं कर निर्धारण गरी विवरण पेश गरेको मितिले चार वर्ष भित्र कर अधिकृतले पुनः कर निर्धारण वा संशोधित कर निर्धारण गर्नुपर्ने सन्तोषजनक आधार र कारणमा भएमा करदातालाई सफाईको मौका दिई त्यस्तो कर निर्धारण गर्न सक्नेछ ।

**२८. कर निर्धारण सूचना :** (१) यस ऐन बमोजिम कर अधिकृतबाट कर निर्धारण भएकोमा बुझाउनु पर्ने कर रकम, स्थान, समय सिमा र बैंक खाता नम्बर समेत उल्लेख गरी करदातालाई कर निर्धारणको सूचना दिनु पर्नेछ ।

(२) यस ऐन बमोजिमको कर दाखिला गर्दा निर्धारणको सूचना प्राप्त भएपछि करदाताले सो सूचनामा उल्लेखित स्थान र समय सिमा भित्र कर दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कर रकम बैंक दाखिला गरिएकोमा करदाताले त्यसको सम्बन्धित भौचर कर एकाइमा बुझाउनु पर्नेछ ।

## परिच्छेद-१०
## कर संकलन सम्बन्धि व्यवस्था

**२९. कर संकलन सम्बन्धी व्यवस्था :** (१) यस ऐन बमोजिम असुल उपर गर्नु पर्ने कर, ब्याज र शुल्क वापतको रकम करदाताले यस ऐनमा तोकिएको अवधिमा दाखिला नगरेमा कर अधिकृतले प्रमुख प्रशासकीय अधिकृतको पुर्व स्वीकृति लिइ देहायको एक वा एक भन्दा बढी तरिका बमोजिम कर असुल गर्न सक्नेछ :-

(क) करदातालाई फिर्ता गर्नु पर्ने रकम भए त्यसमा कट्टा गरेर ।

(ख) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार वा सरकारी स्वामित्वका संस्थाबाट करदाताले पाउने रकमबाट कट्टा गर्न लगाएर ।

(ग) कूनै दोस्रो व्यक्तिले करदातालाई तिर्नुपर्ने रकम करदाताको पुर्व सहमति लिई कट्टा गरेर ।

(घ) बैंक वा वित्तीय संस्थामा रहेको करदाताको रकमबाट कट्टा गर्न लगाएर ।

(ङ) करदाताको कारोबार रोक्का गरेर ।

(च) करदाताको चल तथा अचल सम्पत्ती माथि दावि र कब्जा गरेर ।

(छ) करदाताको सम्पत्ती एकैपटक वा पटकपटक गरी तोकिए बमोजिमको लिलाम बिक्रि गरेर ।

(२) उपदफा (१) खण्ड छ बमोजिम लिलामको कारबाही सरु भएपछि सो कारबाही समाप्त हुनु पुर्व कर दाखिला गर्न ल्याएमा बुझाउन बाँकी कुल रकमको थप पाँच प्रतिशत शुल्क सहित असुल गरिनेछ ।

(३) लिलामबाट प्राप्त रकम करदाताले तिर्नुपर्ने कर रकम भन्दा बढी भएमा बढी भएजति रकम साठी दिन भित्र सम्बन्धित करदातालाई फिर्ता दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता गर्दा निजले उपलब्ध गराएको बैंक खातामा जम्मा गरिदिनु पर्दछ ।

**३०. किस्ताबन्दीमा कर असुली :** कुनै खास करदातालाई विशेष परिस्थितिमा समयमा कर तिर्न नसक्ने कारण भई सो कुराको निवेदन गर्न आएमा कर अधिकृतले जाँचबुझ गर्दा कारण सन्तोषजनक देखिएमा पर्चा खडा गरी बढीमा एक वर्ष भित्र तीन किस्तामा कर दाखिला गर्न आदेश दिन सक्नेछ । तर ढिला बुझाए वापत यस ऐन बमोजिम लाग्ने ब्याज मिनाहा हुने छैन ।

## परिच्छेद-११
## जरिवाना, शुल्क र ब्याज

**३१. जरिवाना लाग्ने :** यस ऐनको पालना नगरी करको दायित्व घटाएका कर अधिकृतले कर विगोको दश प्रतिशत जरिवाना गर्न सक्नेछ ।

**३२. ब्याज लाग्ने :** यस ऐन बमोजिम दाखिला गर्नु पर्ने कर समयमा दाखिला नगरेमा तिर्नुपर्ने बुझाउनु पर्ने रकमको बार्षिक दश प्रतिशत ब्याज लाग्नेछ ।

**३३. अभिलेख नराखेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम अभिलेख राख्नुपर्ने कर्तव्य भएका करदाताले अभिलेख नराखेमा रु. १०००/- शुल्क लाग्नेछ ।

**३४. समयमा विवरण दाखिला नगरेमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले समयमा विवरण दाखिला नगरेमा प्रति विवरण रु. १०००।- शुल्क लाग्नेछ ।

**३५. झुट्टा विवरण दिएमा शुल्क लाग्ने :** यस ऐन बमोजिम विवरण दाखिला गर्नुपर्ने दायित्व भएका करदाताले झट्टा विवरण दाखिला गरी करको दायित्व घटाएमा फरक परेको कर रकम असुल गरी सोको दश प्रतिशत शुल्क लाग्नेछ ।

**३६. ब्याज नलाग्ने :** यस ऐन बमोजिम शुल्क ब्याज र जरिवानामा पुन ब्याज लाग्ने छैन ।

## परिच्छेद-१२
## पुर्वादेश र प्रशासकीय पुनरावलोकन

**३७. पुर्वादेश माग गर्न सक्ने :** (१) कुनै करदातालाई यस ऐन बमोजिम लगाइएको कर, दस्तुर, शुल्क वा ऐनका व्यवस्थाबारे द्विविधा भएमा सोको निराकरणका लागि निजले प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन दिएकोमा प्रमुख प्रशासकीय अधिकृतले द्विविधा निराकरण गर्न पुर्वादेश जारी गरी करदातालाई सो पुर्वादेश उपलब्ध गराउने छ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतमा विचारधीन रहेको वा अदालतबाट निर्णय भैसकेको विषयमा यस दफा बमोजिम पुर्वादेश जारी गर्न सकिने छैन ।

(४) उपदफा (१) बमोजिमको पुर्वादेश अदालतको आदेशबाट अन्यथा नभए सम्म कायम रहनेछ ।

**३८. प्रशासकीय पुनरावलोकन हुन सक्ने :** यस ऐन बमोजिमका देहायको निर्णय माथि प्रशासकीय पुनरावलोकन हुन सक्नेछः

(क) कर अधिकृतले गरेको कर निर्धारण, पुनः कर निर्धारण र संशोधित कर निर्धारण सम्बन्धि निर्णय ।

(ख) यस ऐन बमोजिम लाग्ने वा नलाग्ने कर र गैर कर राजश्रुव तथा अन्य दस्तुर, शुल्क, ब्याज सम्बन्धि निर्णय ।

**३९. प्रशासकीय पुनरावलोकनको प्रक्रिया :** (१) यस ऐन बमोजिमको कर निर्धारणको निर्णय उपर चित्त नबुझ्ने करदाताले सो निर्णय भएको मितिले ३० दिन भित्र प्रमुख प्रशासकीय अधिकृत समक्ष प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रशासकीय पुनरावलोकनको लागि परेको निवेदन माथि ६० दिन भित्र कारवाही र किनारा गर्नु पर्नेछ ।

## परिच्छेद-१३
## पुनरावेदन

**४०. उजुरी नलाग्ने :** यस ऐन बमोजिम प्रशासकीय पुनरावलोकन गर्न सकिने विषयमा त्यस्तो पुनरावलोकन नभइ कुनै अदालतमा कुनै उजुर लाग्ने छैन ।

**४१. पुनरावेदन दिन सक्ने :** (१) प्रशासकीय पुनरावलोकनको निर्णय भएकोमा सो मितिले र प्रशासकीय पुनरावलोकन नहुने विषयमा कारण परेको मितिले चित्त नबुझ्न पक्षले ६० दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

(२) जिल्ला अदालतले गरेको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद-१४
## गैरकर राजश्व

**४२. सेवा शुल्क तथा दस्तुर :** नगरपालिकाले संविधानको अनुसूची ८ बमोजिमका क्षेत्र र विषयमा आफुले पुऱ्याएको सेवा वापत सेवा शुल्क तथा दस्तुर लगाई हटाउन सक्नेछ ।

**४३. पर्यटन शुल्क :** (१) नगरपालिकाले आफै निर्माण गरेको पर्यटकीय स्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा पर्यटन शुल्क लगाई उठाउन सक्नेछ । पर्यटकीय क्षेत्रमा उपलब्ध गराइएको सेवाको लागत संचालन र सम्भार खर्चलाई आधार मानि पर्यटन शुल्क लगाउनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिका आफ्नो क्षेत्र भित्र पर्यटन प्रवेश गरेको आधारमा मात्र पर्यटन शुल्क लगाइने छैन ।

**४४. सवारीसाधन पार्कीङ शुल्क :** नगरपालिकाले आफुले निर्माण वा व्यवस्था गरेको सवारी साधन पार्किङ स्थलमा सवारी साधन पार्किङ शुल्क लगाइ उठाउन सक्नेछ । तर नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेको राष्ट्रिय र प्रदेश स्तरका राजमार्गको छेउछाउ वा पेटिमा पार्किङ शुल्क उठाउन सक्नेछैन ।

**४५. बहाल बिटौरी शुल्क :** नगरपालिकाले सार्वजनिक, स्थानीय सरकारको नाममा रहेको र ऐलानी जग्गा र त्यस्ता जग्गामा रहेको पोखरी, हाटबजार, प्रदर्शनीस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमति दिइएका पसलमा बहाल बटौरी शुल्क लगाइ उठाउन सक्नेछ ।

**४६. जडिबुट, कवाडि र जीव जन्तु शुल्क :** नगरपालिकाले जडिबुटी, कवाडी र जीवजन्तुको कारोबारमा शुल्क लगाई उठाउन सक्नेछ ।

**४७. अन्य शुल्क लगाउन सक्ने :** (१) नगरपालिकाले अनुसूची २ उल्लेखित विषय र क्षेत्रमा शुल्क लगाइ उठाउन सक्नेछ ।

(२) स्थानीय सरकारले संविधान र अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४ को विपरित नहुने गरी आफुले प्रदान गरेको सेवा, सुविधा र व्यवस्थापन गरेको थप वा नयाँ क्षेत्र वा वा विषयमा शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सेवा शुल्क लगाउने वा त्यसको दरमा हेरफेर गरेको कुराको विवरण स्थानीय सरकारले त्यस्तो निर्णय भएको मितिले सात कार्यदिन भित्र नगरसभाको बैठक चलेको समयमा सभामा र त्यस्तो बैठक नचलेको समयमा त्यस पछी बस्ने सभाको पहिलो बैठकबाट पेश गर्नु पर्नेछ ।

**४८. छुट वा मिनाह :** (१) नगरपालिकाले खास अवस्थामा यस ऐन बमोजिम लाग्ने वा लागेको गैरकर राजश्वमा आधार र कारण खुलाई आर्थिक वा पुर्णरुपमा छुट दिन वा मिनाहा गर्न सक्नेछ यसरी छुट दिंदा समान अवस्थामा सबै करदातालाई समान व्यवहार गरिनेछ ।

(२) नेपाल सरकारले प्रदेश सरकार वा कुनै परियोजना वा विकास कार्यक्रमको लागि खास, सामाग्री, बारोबारमा कर नलाग्ने व्यस्था गरेकोमा स्थानीय सरकारले तत् तत्

सरकारसँग समन्वय गरी कर छुट सम्बन्धि सो व्यवस्था पालना गर्ने गराउने छ ।
(३) उपदफा (१) बमोजिम गैरकर राजश्रुवबाट छुट वा मिनाहा दिएको विवरण सभाको बैठक चलेको समयमा सभामा र सभाको बैठक नचलेको समयमा त्यस पछि बस्ने सभाको महिलो बैठकमा पेश गर्नु पर्नेछ ।

## परिच्छेद-१५
## समन्वय सम्बन्धि व्यवस्था

**४९. नेपाल सरकारसँग समन्वय :** (१) नेगरपालिकाले संघीय कानून वा यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैरकर राजश्रुव असुल गर्न एकद्बार प्रणालि अपनाउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिमको एकद्वार प्रणालि अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनको लागि अधिकार सुम्पेको अधिकृतसँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।
(३) नगरपालिकाले संविधानको साझा सूचीमा रहेको विषयसँग सम्बन्धित कर वा गैर कर राजश्रुवका आधार वा दर वा कर प्रशासनका सम्बन्धमा नेपाल सरकारसँग समन्वय गर्न सक्नेछ ।
(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरी टुंगोमा पुगेका विषयहरु यस ऐनमा परे सरह मानिनेछ र ती व्यवस्थाको हकमा यस ऐनमा अन्यत्र जुनसुकै लेखिएको भएतापनि सोही अनुसार कार्यान्वयन गर्नु पर्नेछ ।

**५०. प्रदेश सरकारसँग समन्वय :** (१) नगरपालिकाले प्रदेश कानून यस ऐन बमोजिम असुल उपर गर्नुपर्ने कर वा गैर कर राजश्रुव असुल गर्न एकद्वार प्रणाली अपनाउन सक्नेछ ।
(२) उपदफा (१) बमोजिम एकद्बार प्रणालि अपनाउन स्थानीय सरकार वा स्थानीय सरकारले अधिकार सुम्पेको अधिकृत वा कर अधिकृतले नेपाल सरकार वा नेपाल सरकारले सो प्रयोजनका लागि अधिकार सुम्पेको अधिकृत सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।
(३) नगरपालिकाले संविधानको साझा सूचीमा विषयसँग सम्बन्धित कर वा गैरकर राजश्रुवका आधार वा दर वा कर प्रशासनको सम्बन्धमा प्रदेश सरकारसँग समन्वय गर्न सक्नेछ ।
(४) उपदफा (२) र (३) बमोजिमको व्यवस्था अन्तर्गत समन्वय गरिएका विषयहरु

यस ऐनमा परे सरह मानिने छन् र ती व्यवस्थाका हकमा यि ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि सोहिअनुसार कार्यान्वयन गर्नुपर्नेछ ।

**५१. केन्द्रिय बैंकसँग समन्वय :** नगरपालिकाले कर र गैरकर राजश्रुव संकलनका सम्बन्धमा केन्द्रिय बैंक (नेपाल राष्ट्र बैंक) सँग समन्वय गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

**५२. अन्य निकाय, कार्यालय र संस्थासँग समन्वय :** नगरपालिका वा सो को कुनै अधिकृतले कर तथा गैरकर राजश्रुवसँग सम्बन्धित विषयमा नेपाल सरकार र प्रदेश सरकार अन्तर्गतका सरकारी निकाय, बैंक वा संस्थासँग समन्वय गर्न सक्नेछ ।

## परिच्छेद-१६

## राजश्रुव प्रस्ताव तर्जुमा तथा सूचना सम्बन्धि व्यवस्था

**५३. राजश्व सम्बन्धि नयाँ प्रस्ताव :** नगरपालिकाले कर तथा गैरकर सम्बन्धि नयाँ कर प्रस्ताव तयार गर्दा सरोकारवालाहरुसँग परामर्श गर्नुपर्नेछ ।

**५४. सूचना सार्वजनिक गर्नुपर्ने :** (१) कानून बमोजिम स्थानीय सरकारले लगाएको कर र गैरकर राजश्रुव उठाउने कार्यालयको प्रमुखले सो कर र राजश्रुवका दर र त्यसमा भएको हेरफर सम्बन्धि सूचना सर्वसाधारणको लागिरु सार्वजनिक गर्नु पर्नेछ ।

(२) स्थानीय सरकारले उपदफा (१) बमोजिम कर, राजश्रुका दर र त्यसमा भएको हेरफेर समेत मिलाई स्थानीय सरकारको वेभसाईटमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) स्थानीय सरकारले कर र राजश्रुवका दर हेरफेर सम्बन्धि विवरण केन्द्रिय सूचना प्रणालीमा समेत राख्ने प्रयोजनका लागि नेपाल सरकार अर्थ मन्त्रालय वा सो मन्त्रालयले तोकेको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद-१७

## विविध

**५५. विद्युतीय माध्यमको प्रयोग गर्न सक्ने :** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापिन स्थानीय सरकारले विद्युतीय माध्यम (अनलाईन) बाट करदातालाई सूचना दिने, करदाताले आफ्नो विवरण र प्रमाण पेश गर्ने, कर लगायतको तिर्नु बुझाउनु पर्ने रकम दाखिला गर्ने एवं कर वा त्यस्तो रकम बुझाएको रसिद दिने लगायतका कर सम्बन्धी अन्य काम कारवाही गर्न सकिने व्यवस्था गर्न सक्नेछ ।

**५६. ठेक्कामा लगाउन नपाईने :** स्थानीय सरकारले आफुले असुल गर्नुपर्ने कुनै कर

वा राजश्रुव ठेक्का लगाई उठाउन पाईने छैन ।

**५७. अनुसूचीमा हेरफेर :** नगरपालिकाले यस ऐनको अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ र त्यसरी गरिएको हेरफेरको सूचना नगर सभाको बैठक बसेको भए बैठकमा र तत्काल बैठक नबसेको भए त्यसपछि बस्ने सभाको पहिलो बैठकमा पेश गर्नुपर्नेछ ।

**५८. कागजातको ढाँचा :** (१) यो ऐन र यस ऐन अन्तर्गत बसेको निर्देशिकामा उल्लेख नभएको वा नतोकिएको कुनै विवरण, ढाँचा, तरिका वा जानकारी सम्बन्धमा आवश्यक व्यवस्था गर्न उपयुक्त देखिएमा स्थानीय सरकारले आदेश वा सूचना जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश वा सूचना सर्वसाधारणको जानकारीको लागि स्थानीय सरकारको कार्यालय सूचना पार्टि, वेभसाईट र स्थानीय पत्र पत्रिकाको माध्येमबाट उपलब्ध गराउन सकिनेछ ।

**५९. सूचना तामेली रित पुगेको मानिने :** (१) यस ऐन बमोजिम दिनु पर्ने म्याद, सूचना वा कागजात देहाय बमोजिम बुझाए वा पठाएमा सम्बन्धित व्यक्तिलाई बुझाए वा दिइएको मानिने छः

(क) सम्बन्धित व्यक्तिलाई नै बुझाएको

(ख) निजको परिवारको उमेर पुगेको सदस्यलाई बुझाएको

(ग) निजको कानून ब्यवासायी वा लेखापाललाइ बुझाएको

(घ) नावालिगको हकमा निजको संरक्षक व्यक्तप वा माथवर व्यक्तिलाई बुझाएको

(ङ) कार्यालय संस्था वा नियकायको हकमा प्रबन्धक वा प्रशासकीय प्रमुखलाई बुझाएको

(च) करदाताको ठेगानामा हुलाकबाठ रजिष्टरी गरी पठाएको

(२) कर एकाइको अधिकृतको नाम पद खुल्ने गरी दरखास्त दिएको, कम्प्युटर प्रविधिबाट इनस्क्रिप्ट वा इनकोड गरिएको, छाप लगाइएको वा सो कागजमा लेखि यस ऐन बमोजिम जारी गरिएको, तामेलि गरिएको वा दिइएको कागजातलाई रित पुर्वक मानिनेछ ।

**६०. कागजातको अभिलेख राख्ने :** (१) यस ऐन बमोजिम कर बुझाउनु पर्ने दायित्व भएको प्रत्येक व्यक्ति वा करदाताले देहाय बमोजिमको आवश्य कागजातहरु सुरक्षित गरी राख्नुपर्नेछ ।

(क) यस ऐन बमोजिम नगरपालिकामा पेश गर्नुपर्ने कागजात र सोलाई पुष्ट्याइ गर्ने सूचना तथा कागज ।

(ख) कर निर्धारण गर्न सघाउ पुऱ्याउने कागजातहरु ।

(ग) खर्च कट्टि गर्नुपर्ने भए सोलाई पुष्ट्याई गर्ने कागजातहरु ।

(२) नगर कार्यपालिकाले लिखित रुपमा सूचना जारी गरी अन्यथा तोकेकोमा बाहेक यस दफा बमोजिमका कागजातहरु सम्बन्धित आय बर्ष समाप्त भएको मितिले कम्तिमा ४ बर्षको अवधिसम्म सुरक्षित राख्नु पर्नेछ ।

**६४. अदालतलाई भए सरहको अधिकार हुने :-** यस ऐनको प्रयोजनको लागि नगर कार्यपालिकाको अधिकार प्राप्त अधिकृतलाई सम्बन्धित व्यक्तिलाई झिकाउने, बयान, गराउने, प्रमाण बुझ्ने र लिखतहरु पेश गर्न लगाउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भई सरहको अधिकार हुनेछ ।

**६५. आदेश वा निर्देशन दिन सक्ने :-** संघीय र प्रदेश सरकारले कर प्रशासनलाई प्रभावकारी बनाउन नेपालको संविधान र संघीय तथा प्रदेश सरकारको कर सम्बन्धि कानून र यो ऐनको प्रावधानलाई कार्यान्वयन गर्न गराउन आवश्यक आदेश वा निर्देशन दिन सक्नेछ । यस्तो आदेश वा निर्देशन पालना गर्नु नगर कार्यापालिको कर्तव्य हुनेछ ।

**६६. कर अधिकृतको परिचय पत्र :-** कर एकाइमा काम गर्ने प्रत्येक कर अधिकृत र अन्य कर्मचारीले परिचय पत्र आफ्नो साथमा राख्ने, काम गर्ने समयमा लगाउने र कर्तव्य पालनाको सिलसिलामा परिचय पत्र सम्बन्धित व्यक्तिलाई देखाउने पर्नेछ ।

**६७. विभागीय कारवाही र सजाय हुने :-** (१) कर अधिकृत वा कर प्रशासनसंग सम्न्धित कुनै कर्मचारीले कर तिर्नु बुझाउनु पर्ने दायित्व भएको व्यक्ति वा करदातालाई हानी नोक्सानी पुर्याउने, करको दायित्व घटीबढी गर्ने, समान अवश्थामा कर दाता विच असमान व्यवहार गर्ने, कुनै करदातालाई अनुचित फाईदा पुऱ्याउने वा करदाताबाट आफ्नो वा अरु कसैको निजी स्वार्थ पूर्ति गर्ने उद्देश्यले कुनै काम काम गरेमा वा कानून बमोजिम गर्नु पर्ने काम समयमा नगरी दुख वा हैरानी दिएमा सम्बन्धित व्यक्तिले स्थानीय सरकारको प्रमुख प्रशासकीय अधिकृत समक्ष उजुर गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी परेमा प्रमुख प्रशासकीय अधिकृतले आवश्यक छानवीन गरी सम्बन्धित कर्मचारीको सेवा सम्बन्धित कानुन बमोजिम आफूलाई कारवारी गर्ने अधिकार भएको विषयमा आफैले विभागीय कारवाही गर्ने र कारवाही गर्ने र अधिकार नभएको विषयमा विभागीय कारवाहीको लागि अधिकार प्राप्त अधिकारी समक्ष रायसाथ पेश गर्नेछ ।

(३) उपदफा (३) बमोजिम छानविन गर्दा प्रचलित कानून बमोजिम अनूचित कार्य गरेको कुरा खुल्न आएम अधिकार प्राप्त अधिकारीले आवश्यक कारवाही गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम छानविन र कारवाही गर्दा प्रमान नष्ट हुन सक्ने भएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो कर अधिकृत वा अन्य कर्मचारीलाई सम्बन्धित सेवा सम्बन्धी कानून बमोजिम निलम्बन गर्न सक्नेछ ।

(५) उपदफा (२) बमोजिम छानविन गर्ने अवधी भर सो अधिकृतलाई कर अधिकृतको जिम्वारीबाट अलग राखिने छ ।

(६) उपदफा (३) बमोजिमको छानविन गर्ने र कर अधिकृतको जिम्वारीबाट अलग राख्ने अवधि तिन महिना भन्दा बढी हुने छैन ।

**६८. पुरष्कृत गर्न सक्ने :-** (१) नगरपालिकाले यथार्थपरक र विश्वसनीय रुपमा तथा कानूनले तोकेको म्याद भित्र कर विवरण बुझाउने, लागेको कर अधिकृतले अनुरोध गरेका सूचना उपलब्ध गराउने तीन जना करदातालाई प्रत्येक बर्ष पुरष्कार दिने व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिम दिईने पुरस्कार सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

**६९. म्याद हदम्याद नजाने :-** यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि यस ऐन बमोजिम म्याद वा हदम्याद गणना गर्दा देहायको अवधि बाहेक गरी गणना गरिनेछ ।

(क) अदालतबाट स्थगत वा कर अधिकृत वा अन्य सरकारी निकायबाट रोक्का वा स्थगत भएको अवधि,

(ख) पुनरावेदन गरेकोमा पुनरावेदन तहको अन्तिम निर्णय भएको जानकारी प्राप्त नभएसम्मको अवधि

**७०. निर्देशिका वा दिग्दर्शन बनाउने अधिकार :-** यस ऐन बमोजिमको काम प्रभावकारी रुपमा गर्न स्थानीय सरकार वा सो सरकारले अख्तियारी दिएको अधिकारीले आवश्यक निर्देशिका वा दिग्दर्शन बनाउन सक्नेछ ।

## अनुसूची–१
## (दफा १० उपदफा (४) का (घ) संग सम्बन्धित

**<u>ह्रासकट्टी गर्ने तरीका</u>**

यस ऐन वमोजिम सम्पतिको ह्रासकट्टी गर्ने गतरीका समान कट्टी तरीका (युनिफर्म चार्ज मेथड) को फिक्सड इन्सटालमेण्ट मेथड अनुसार हुनेछ। यसको गणना देहाय वमोजिम गर्न पर्नेछ।

**सुत्रः**

ह्रासकट्टी रकम = सम्पत्तिको प्रारम्भिक मूल्य–अनुमानित शेष मूल्य

सम्पत्तिको आयु (बर्ष)

उदाहरणः

कुनै सम्पत्तिको मूल्य शुरुमा रु.१००००००।– छ यसको आयु २० वर्ष छ। २० बर्ष पछि यो सम्पत्ति बिक्रि गर्दा रु.२०००००।– आउछ भने यसको प्रति बर्ष ह्रासकट्टी रकम निम्नानुसार हुन्छ।

$$\text{ह्रासकट्टी रकम} = \frac{१००००००–२०००००}{२०}$$

$$= \frac{८०००००}{२०}$$

$$= ४००००।–$$

प्रति बर्ष रु. ४००००।– ह्रासकट्टी खर्च घटाउन पाइन्छ।

## अनुसूची–२
## (दफा ५० को उपदफा (१) संग सम्बन्धित

### स्थानीय सरकारले शुल्क लगाई उठाउन सक्ने विषय क्षेत्र

१. खाने पानी, धारा, पोखरी र घाट
२. विजुली
३. टेलिफोन
४. वातावरण फोहरमैला व्यवस्थापन, सरसफाई र ढल व्यवस्थापन
५. शौचालय, स्नान गृह
६. सार्वजनिक पार्क
७. हाटबजार
८. पशु बधशाला
९. अतिथि गृह र छात्रवास
१०. अचल सम्पति मुल्यांकन शुल्क
११. मर्मत सुधार (आफुले निर्माण गरेका यस अनुसूचीमा उल्लिखित साधन र सुविधाको मर्मत सुधारमा लाग्ने खर्च सम्बन्धि)

**आज्ञाले,**
**सुरेन्द्र सिंह**
**निमित्त प्रमुख प्रशासकीय अधिकृत**


मूल्य रु. १०/-